# गैडहवा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड १०) रुपन्देही, असौज महिना ६ गते, २०८३ साल (संख्या ४)


## भाग २

## गैडहवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## विष्णुपुरा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपालको

## <u>सूचना</u>

गैडहवा गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको **"तीन पाङ्ग्रे सवारी साधन व्यवस्थापन कार्यविधि, २०८३"** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**<u>संवत् २०८३ कार्यविधि नं. २</u>**

# “तीन पाङ्ग्रे सवारी साधन व्यवस्थापन कार्यविधि, २०८३”

## कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०६/०६

**प्रस्तावनाः** सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न, सार्वजनिक यातायात क्षेत्रको व्यवस्थापन गरी सर्वसाधारणलाई सरल एवम सुलभ यातायात सुविधा उपलब्ध गराउन र यातायात सेवालाई सुदृढ तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले नेपालको संविधान,२०७२को अनुसूची ९को साझा अधिकार, लुम्बिनी प्रदेश सरकारको सवारी तथा यातायात व्यवस्था(दोस्रो संशोधन) नियमावली २०८३, स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा ४ को(ट) र १०२ को उपनियम(२) बमोजिम यो कार्यविधि जारी गरि लागू गरेको छ।

परिच्छेद-१
प्रारम्भिक

**१)संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम गैडहवा गाउँपालिकाको तीन पाङ्ग्रे सवारी साधन व्यवस्थापन कार्यविधि,२०८३ रहेको छ।

ख) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ।

**२)परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यपालिका"भन्नाले गैडहवा गाउँकार्यपालिका सम्झनुपर्छ।

ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गैडहवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

ग) "सवारी" भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने तीन पाङग्रे साधन सम्झनुपर्छ।

घ) "सवारीको वजन" भन्नाले सवारीको वजन, ईन्जिन, अन्य औजार सहित दर्ता प्रमाणपत्रमा लेखिएको कुल भार क्षमता समेतलाई जनाउँछ।

ङ) "सवारी" भन्नाले तीन पाङ्ग्रे अटोरिक्सा र ईलेक्ट्रिक रिक्सा सम्झनुपर्छ।

च) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँ सम्म यात्रीलाई ओसारपसार गर्ने कार्य सम्झनुपर्छ।

छ) "यात्री" भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनुपर्छ।

ज) "यात्रीवाहक सवारी" भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्ने तीन पाङ्ग्रे सार्वजनिक सवारी सम्झनुपर्छ।

झ) "चालक अनुमती पत्र" भन्नाले सार्वजनिक निकायको अधिकार प्राप्त अधिकारीबाट दिएको चालक अनुमती पत्र सम्झनुपर्छ।

ञ) "चालक" भन्नाले सवारी चालक अनुमती प्राप्त व्यक्ति सम्झनुपर्छ।

ट) "वीमा" भन्नाले सवारी, यात्री, चालक तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने वीमा सम्झनुपर्छ।

ठ) "सवारी धनी" भन्नाले सवारी दर्ताको प्रमाणपत्र(ब्लु बुक) मा सो सवारीको धनी लेखिएको व्यक्ति फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनुपर्छ।

ड) "नेपाल प्रहरी" भन्नाले नेपाल प्रहरी वा प्रदेश प्रहरी सम्झनुपर्छ।

ढ) "ट्राफिक प्रहरी" भन्नाले नेपाल प्रहहरी संगठन अन्तर्गत प्रदेश ट्राफिक प्रहरी सम्झनुपर्छ।

ण) "नगर प्रहरी" भन्नाले गैडहवा गाउँपालिकाबाट नियुक्ति पाएका प्रहरी सम्झनुपर्छ।

त) "सडक क्षेत्र" भन्नाले गैडहवा गाउँपालिका भित्रका पक्की तथा ग्रावेल सडक सम्झनुपर्छ।

थ) "सवारी चलाउने ईलाका" भन्नाले गैडहवा गाउँपालिका क्षेत्रभित्र रहेका पक्की तथा ग्रावेल सडक क्षेत्र सम्झनुपर्छ।

## परिच्छेद-२

## सवारी दर्ता सम्बन्धी व्यवस्था

### ३) सवारी दर्ता गराउनु पर्नेः

(१) तीन पाङ्ग्रे सवारी साधन खरिद गरि वा विदेशबाट पैठारी गरि यस गैडहवा गाउँपालिका भित्र सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा सवारी विक्री वितरण गर्ने एजेन्टले खरिद गरेको वा पैठारी गरि नेपाल भित्र भन्सार तिरी ल्याएको रसिद तथा प्रज्ञापन पत्र सहित ३५ दिनभित्र गैडहवा गाउँपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ। उक्त मितिमा दर्ता गर्न नआएका ३६ औं दिन देखि जरिवाना दस्तुर रू.१०००/- देखि रु.५०००/- सम्म लिई दर्ता गर्न सकिनेछ।

(२) यो कार्यविधि लागू हुनुभन्दा अगाडि सञ्चालनमा रहेका तीन पाङ्ग्रे सवारी साधनहरुमा कार्यविधि प्रारम्भ भएको मितिले ३५ दिन भित्र दर्ताको लागि जरिवाना शुल्क लाग्ने छैन। अन्य कार्यालयमा दर्ता भएका

तीन पाङ्ग्रे सवारी साधन यस गा.पा.मा दर्ता गरि सञ्चालनका लागि स्थानान्तरण पत्र समेत पेश गर्नु पर्नेछ।

**(३) सवारी दर्ता गराउन निवेदन दिनुपर्नेः** दफा ३ को उपदफा (१) बमोजिम सवारी दर्ता गराउनु पर्ने भएमा त्यस्तो सवारी नेपाल भित्र खरिद गरेको भए खरिद गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सो खरिद गरेको निस्सा र त्यस्तो सवारी विदेशबाट पैठारी गरेको भए पैठारी गर्ने व्यक्ति, फर्म,कम्पनी वा एजेन्टले सो सवारीको भन्सार महसुल तिरेको निस्सा तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा निवेदन दस्तुर रू.१०/-(रू.दश) सहित दरखास्त दिनुपर्नेछ।सवारी साधन दर्ता भएको मितिले एक वर्ष सम्मको म्याद रहनेछ।त्यस पश्चात प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ।

(४) सवारी दर्ता आवेदन फाराम अनुसूची-१ बमोजिम हुनेछ।

(५) संयुक्त दर्ताः सवारी साधन संयुक्त रुपमा दर्ता गर्न सकिनेछ।

(६) सवारी दर्ता वातावरण प्रदुषण सम्बन्धी जाँच गराउनु पर्नेछ।

(७) सवारी २० वर्ष सम्म मात्र नविकरण गर्न सकिनेछ।

**(४) सवारी दर्ता दस्तुरः** (१) ई-रिक्सा सवारी दर्ता दस्तुर रु.२०००/- हुनेछ।

(२) अटो रिक्सा(पेट्रोलले चल्ने) सवारी दर्ता दस्तुर प्रति सवारी रु.२०००/- हुनेछ।

(३) दफा ४ को उपदफा १ र २ बमोजिम महिलाको नाममा दर्ता हुने सवारी दर्तामा १५ प्रतिशत छुट हुनेछ।एकल महिला/विधवा/दलितको नाममा दर्ता हुने सवारी दर्ता एवम संचालनमा ५०% छुट हुनेछ।

(४) सवारी दर्ता प्रमाण पत्र अनुसूची-२ बमोजिम हुनेछ।

(५) सवारी दर्ता प्रमाण पत्र हराएमा ट्राफिक प्रहरीको सिफारिस सहित रु.५००/- दस्तुर लिई प्रतिलिपी लिनुपर्नेछ।

(६) दर्ता भएका सवारी साधनहरुको दर्ता नम्बर गै/ह को १,२,३.... देखि ४९९९ सम्म हुनेछ।

**(७) सवारी दर्ताको मान्यताः** (१) गैडहवा गाउँपालिका भित्र दर्ता भएको सवारी मान्यता दिईनेछ।तर अन्य सरकारी निकायमा दर्ता भई यस गाउँपालिकामा नयाँ दर्ताको लागि निवेदन दिन आएमा दर्ता सरहको दस्तुर लिई नयाँ नम्बर कायम गरि दिनु पर्नेछ।

(क) यस गाउँपालिकामा सवारी दर्ता नगरि यस गाउँ क्षेत्र भित्र सवारी चलाउन पाईनेछैन।

(८) दर्ताको प्रमाणपत्र नविकरणः (१) गैडहवा गाउँपालिका, दर्ता भएका र अन्यत्रबाट स्थान्तरण भई आएका सवारी साधनलाई अनुसूची'२ बमोजिम सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(९) दर्ताको प्रमाणपत्र नविकरण (१) अनुसूची-३ बमोजिमको ढाँचामा नविकरण सम्बन्धी निवेदन दिन आएमा निवेदन दस्तुर रु.१०/- सहितको दर्ताको ५० प्रतिशत दस्तुर लिई नविकरण गरि दिनु पर्छ।

(२) नविकरण अवधि १ वर्षको हुनेछ।र ढिलो नविकरण गराएमा आर्थिक ऐन अनुसार विलम्ब दण्ड जरिवाना लाग्नेछ।

(३) पाँच वर्ष सम्म नविकरण नगरिएको सवारी साधनको दर्ता स्वतः खारेज भएको मानिने छ।पुनःदर्ता गराउन आएमा(शुरु दर्ता) दस्तुर लिई गराउन पर्नेछ।

**(१०) ठाउँसारी वा नामसारी सम्बन्धी व्यवस्थाः** (१) गैडहवा गाउँपालिकाले आफ्नो क्षेत्रमा सवारी ठाउँसारी आउन वा अन्यत्र जान सहमति दिन रु.५००/- दस्तुर लिई दिन सक्नेछ।

(२) ठाउँसारी वा नामसारी गराउनुपर्ने सवारी साधनको नविकरण र नामसारीको कर तिर्नुपर्नेछ।

(३) उपदफा ४ बमोजिमका व्यक्तिले कार्यालयमा स्वयम् उपस्थित भई नामसारी गरिदिन सक्नेछ।

(४) फर्म वा व्यक्तिको नाममा नामसारी गर्दा कानुन बमोजिमका अन्य कागजातहरु संलग्न गरि दरखास्त दिनु पर्नेछ।

(५) ठाउँसारि रजिष्टर अनुसूची-४ बमोजिम हुनेछ।

(६) नामसारी रजिष्टर अनुसूची-५ बमोजिम हुनेछ।

**(११) सवारी दर्ता किसिमः** (१) भाडा सवारी साधनको दर्ता . गै.गा.पा१/ह......नम्बर र कालो प्लेट हुनेछ।

(२) निजी सवारी साधनको दर्ता गै.गा.पा.१/स...... नम्बर र रातो प्लेट हुनेछ।

(३) निजी सवारी साधनलाई भाडाको सवारी साधनमा परिवर्तन गर्नुपरेमा परिवर्तन दस्तुर रु.१,०००/- लिई भाडा सवारी साधनको नम्बर कायम गरि दर्ता गरि दिनुपर्नेछ।

(४) भाडाको सवारी साधनलाई निजी सवारी साधनमा परिवर्तन गर्नु परेमा परिवर्तन दस्तुर रु.१०००/- लिई निजी सवारी साधनको नम्बर कायम गरि दर्ता गरि दिनुपर्नेछ।

## परिच्छेद-३
## विविध

**(१२) सिट भन्दा बढी यात्री राख्न नहुनेः** सवारी दर्ताको प्रमाणपत्रमा लिखिएको सिट संख्या भन्दा बढी यात्री राखी चलाउन हुँदैन।

(क) सवारीको माथि सामान वा मानिस राख्न पाईने छैन।

**(१३) ट्राफिक संकेतको पालना गर्नुपर्नेः** चालकले सवारी चलाउँदा ट्राफिक संकेतको पालना गरि सवारी चलाउनुपर्छ।

**(१४) सवारीको वीमा गराउनुपर्नेः** सवारी धनी व्यवस्थापकले प्रत्येक सवारी तथा यात्रीको तेस्रो पक्ष वीमा समेत गराउनु पर्नेछ।

**(१५) सवारी साधनको लागत कट्टाः** (१) दर्ता भएका सवारी साधन प्राकृतिक प्रकोप, दुर्घटना वा अन्य कारणबाटसवारी साधन काम नलाग्ने गरी क्षतिग्रस्त भई सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले निवेदन दिन आएमा नविकरन गर्न बाँकी भए नविकरण दस्तुर रु.७५०/- थप दस्तुर बुझाउन लगाई सवारी साधनको लगत कट्टा गर्न सक्नेछ।

(२) सवारी लगत कट्टा रजिष्टर अनुसूची-६ बमोजिम हुनेछ।

**(१६) सवारी जाँचपासः** सार्वजनिक सवारी ई-रिक्सा(ईन्धनबाट चल्ने) ले निवेदन दिई सवारी जाँचपास गराउनु पर्नेछ।सवारी जाँचपास दस्तुर निम्न बमोजिम हुनेछः

(क)अटो रिक्सा ईन्धनबाट चल्ने)रु.७५०/- (ख) ई-रिक्सा रु.५००/-

**(१७) पट्के बाटो ईजाजतः** सवारी धनी वा व्यवस्थापकले विशेष काम परी ईजाजत पत्रमा लेखिए बाहेक अन्यत्र जानु परेमा निवेदन दिई बढीमा ७ दिन सम्मको लागि प्रति ५० कि.मि.को रु.१०० का दरले दस्तुर लिई बढीमा सात दिन सम्मको पट्के ईजाजत दिन सक्नेछ,

**(१८) अधिकार प्रत्यायोजन गर्न सक्नेः** यस कार्यविधि बमोजिम प्राप्त अधिकारहरु आफू मुनिका अधिकृत कर्मचारिलाई प्रमुख प्रशासकीय अधिकृतले अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ।

(१९) भाडा दरः गाउँ कार्यपालिकाले तीन पाङ्ग्रे सवारी साधनको भाडा दर कायम गर्नेछ।

(२०) क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः तीन पाङ्ग्रे सवारी साधनबाट तेस्रो पक्षलाई पुग्ने हानी नोक्सानी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२१) बाधा अड्काउ फुकाउनेः यस कार्यविधिमा कुनै बाधा अडकाउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सकिनेछ।

(२२) बाँझिएको हद सम्म अमान्य हुनेः यस कार्यविधिमा भएका कुनै प्रावधान नेपालको संविधान, संघ र प्रदेश कानून सँग बाझिन गएमा बाँझिएको हद सम्म स्वतः अमान्य हुनेछ।

(नियम ३ को उपनियम ३ सँग सम्बन्धित)

अनुसूची-१

तीन पाङ्ग्रे सवारी दर्ताको निवेदन फाराम

मितिः.........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गैडहवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा-३, विष्णुपुरा, रूपन्देही।

**विषयः सवारी दर्ता आवेदन फाराम।**

महोदय,

निम्न लिखित विवरण बमोजिम तीन पाङ्ग्रे सवारी साधन दर्ता गर्न यो निवेदन पेश गरेको छु/छौं। पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

(१)सवारी धनीको नामः-

(२)सवारीको किसिमः-

(३)सवारी निर्माण कम्पनीको नामः-

(४)सवारी बनेको सालः-

(५)मोडेल नं.ः-

(६)सिलिण्डर संख्याः

(७)चेसिस नं.ः-

(८)हर्ष पावर(सि.सि.)ः-

(९)सवारीक रंगः-क्षमताः-

(१०)सवारीको सिट/वजन क्षमताः-

(११)पेट्रोल/डिजलः-

(१२)खरिद भै आएको व्यक्ति वा फर्मको नामः-

(१३)भन्सार तिरेको प्रमाणः-

(१४)सवारी खरिद भै आएको मितिः-

(१५)सवारी खरिद गरेका बिल प्रमाणहरुः-

(१६)प्रयोगः-

(१७)चलाउने इलाकाः-

निवेदकको नामः-

ठेगानाः-

दस्तखतः

फोन नं.ः-

कार्यालय प्रयोजनको लागि

सवारी निरीक्षणको व्यहोरा

प्रदान गरिएको दर्ता नं.

दर्ता मितिः-

माथि उल्लेखित सम्पूर्ण विवरणका साथै प्राविधि प्रतिवेदनको सवारी दर्ता गर्न उपर्युत देखिएकोले निर्णायार्थ सेवा गर्ने।

निरीक्षण गर्ने प्राविधिकको सही फाँटवालाको सही

दर्ता गर्ने अधिकरीको सही

नियम ६ को उपनियम ६ संग सम्बन्धित)

अनुसूची-२

गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा-३, विष्णुपुरा, रूपन्देही।

**सवारी दर्ता रजिष्टर**

**सवारी दर्ता नं.ःपा.न.पा.१/ह..............................नम्बर(कालो प्लेट)**

**(१) सवारी धनीको नामः-**

**(२) सवारीको किसिमः-**

**(३) सवारी निर्माण कम्पनीको नामः-**

**(४) सवारो बनेको सालः-**

**(५) मोडेल नं.ः-**

**(६) सिलिण्डर संख्याः-**

**(७) चेसिस नं.ः-**

**(८) हर्ष पावर(सि.सि.)ः-**

**(९) सवारीको रंगः-**

**(१०)सवारीको सिट/वजन क्षमताः-**

**(११)पेट्रोल/डिजल**

**(१२)खरिद भै आएको व्यक्ति वा फर्मको नामः-**

**(१३)भन्सार तिरेको प्रमाणः-**

**(१४)सवारी खरिद भै आएको मितिः-**

**(१५)सवारी खरिद गरेका बिल प्रमाणहरुः-**

(१६)प्रयोगः-

(१७)चलाउने इलाकाः-

.................. .............. ................................. ..

प्राविधिक शाखा प्रमुख स्वीकृत गर्ने अधिकारी

(नियम ८ को उपनियम १ सँग सम्बन्धित)

अनुसूची-३

फाराम-३

गैडहवा गाउँपालिकाको कार्यालय

गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा-३, विष्णुपुरा, रूपन्देही।

## सवारी नविकरण आवेदन फाराम

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गैडहवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा-३, विष्णुपुरा, रूपन्देही।

**विषयः- सवारी नविकरण आवेदन फाराम।**

महोदय,

निम्नलिखित विवरण बमोजिम तीन पाङ्ग्रे सवारी साधन दर्ता गर्न यो निवेदन पेश गरेको छु/छौं।पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

(१) सवारी धनीको नामः-

(२) सवारीको किसिमः-

(३) सवारी निर्माण कम्पनीको नामः-

(४) सवारी बनेको सालः-

(५) मोडेल नं.:-

(६) सिलिण्डर संख्याः-

(७) चेसिस नं.:-

(८) हर्ष पावर)सि.सि.):-

(९) सवारीको रंग:-

(१०)सवारीको सिट/वजन क्षमता:-

(११)पेट्रोल/डिजल:-

(१२)ई-रिक्सा/अटो रिक्सा:-

(११)पेट्रोल/डिजल:-

(१२)ई-रिक्सा/अटो रिक्सा:-

निवेदकको नाम:-

ठेगाना:-

दस्तखत:

फोन नं.:-

(नियम ८ को उपनियम १ सँग सम्बन्धित)

अनुसूची फाराम-३ (क)

गेडहवा गाउँपालिकाको कार्यालय

गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा-३, विष्णुपुरा, रूपन्देही।

**सवारी नविकरण रजिष्टर**

| क्र.सं. | नविकरण गर्ने कार्यालयको नाम | सवारी को नम्बर | नविकरण मिति | नविकरण अवधि | नविकरण दस्तुर र मिति | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(नियम ९ को उपनियम ५ सँग सम्बन्धित)

अनुसूची फाराम-४

गैडहवा गाउँपालिकाको कार्यालय

गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा-३, विष्णुपुरा, रूपन्देही।

**<u>सवारी ठाउँसारी रजिष्टर</u>**

| क.सं. | ठाउँसारी गर्ने कार्यालयको नाम | सवारीको नम्बर | मोडेल नम्बर | चेसिस नम्बर | ठाउँसारी भई गएका/आएको स्थान | दस्तुर र मिति | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**(नियम ९ को उपनियम ६ सँग सम्बन्धित) अनुसूची फाराम-५**

**गैडहवा गाउँपालिकाको कार्यालय**

**गाउँ कार्यपालिकाको कार्यालय**

**गैडहवा-३, विष्णुपुरा, रूपन्देही।**

**<u>सवारी नामसारी दर्ता रजिष्टर</u>**

| क्र.सं. | साविक सवारी धनीको नाम र ठेगाना | नामसारी भई कायम भएको सवारी धनीको नाम र ठेगाना | सवारी नं. | चेसिस नम्बर | नामसारी भएको मिति | नामसारी दस्तुर | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(नियम ९ को उपनियम ६ सँग सम्बन्धित)

अनुसूची फाराम-६

**सवारी नामसारी आवेदन फाराम**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गैडहवा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, गैडहवा, रूपन्देही।

लिखितम मेरो/हाम्रो नाममा दर्ता भई मेरोएकलौटी हकभोग रहेको ई.नं................ च्या नं.................... भएको
अं......................... नं.को ................................. लाई मैले/हामीले निम्न लिखित नाम, थर, ठेगाना भएको
व्यक्ति/व्यक्तिहरुलाई किनाराका विक्री गरि दिएको हुनाले उक्त सवारी दिंदा निजहरुको भागमा नामसारी गरि दिन हुन अनुरोध गर्दछौं। माथिको व्यहोरामा फरक पारी विक्री गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला।

विक्री लिलाम/उपहार/वकल गरि दिने

सहीः

**औंठाको छाप** नाम,थरः.......................

वर्षः.............................

ठेगानाः...............प्रदेश............ जिल्ला.............. वडा नं...............

फोन नं.........................

बाबु/पतिको नामः..................................................

बाजेको नामः................................

उपर्युक्त बमोजिमको सवारी सधन माथि उल्लेखित व्यक्तिहरु फर्म/संस्थाबाट मैले/हामीले खरिद/लिलाम सकार/उपहार/वकस हकभोग कायम गरी लिएको हो यसमा कुनै फरक पर्ने छैन। फरक पारी लेनदेन गरेको ठहरे यो नामसारी वदर भएमा कानून बमोजिम दण्ड सजाय परेमा सहन बुझाउन तयार छु/छौं।

खरिद गर्ने/लिलाम सकार गर्ने/उपहार/वकस पठाउनेको सहीः

नाम,थरः.......................

वर्षः.............................

ठेगानाः...............प्रदेश............ जिल्ला.............. वडा नं........... टोल.......................

<u>**औंठाको छाप**</u> फोन नं.........................

बाबु/पतिको

............................

बाजेको नामः................................

पेश भएको कागजातहरुः

१)लिनेदिने दुबैको नाम, ठेगानाः

(क)दिनेको जिल्ला............................ नागरिकता नं.........................

(ख)लिनेको जिल्ला........................... नागरिकता नं.

२)सवारी आयकर तिरेको प्रमाणः (क)सवारी आयकर बुझाएको कार्यालय

(ख)मितिः............................... ग)अवधिः................... घ)रसिद नं....................

३)सार्वजनिक सवारी भए बाटो ईजाजत लिएको प्रमाणपत्रः क)दिने कार्यालय..................

ख)पाएको क्षेत्रः................... ग)पाएको मिति...................... घ)अवधि....................

४)संस्था/फर्म कम्पनीको नाम लेनदेन भएको भए सम्बन्धित पदः........क)पत्र संख्या......... च.नं.............. ख)मिति...............................

५)वारेसनामा वा प्रतिनिधि तोकी आएको भए सो पत्र प्रमाण तथा नागरिकताको वा परिचय पत्रको प्रमाणित प्रतिलिपिः

६)नामसारीको लागि बुझाएको दस्तुरको रसिद नं.ः............................

७)श्रम ऐन २०४८ को दफा ४७ को उपदफा(१) को खण्ड(क) बमोजिम सम्बन्धित कामदार वा कर्मचारिलाई तिर्नुपर्ने रकम बुझाएको प्रमाणः

८.अन्य प्रमाणःक) सवारी कागजात पत्र प्रमाण पत्रः ख)सवारी कागज प्रमाण पत्र

ईति सम्वत् २०८२............. साल.........महिना........... गते............. रोज शुभम्।

**कार्यालय प्रयोजनको लागि**

सवारी जाँचको प्रतिवेदन व्यहोरा

.........................................

सवारी जाँच्नेको सही

उपर्युक्त बमोजिम लेनदेन मञ्जरी गरी मेरो रोहवरमा गरी सनाखत गरेको र उल्लेखित कागजातहरु समेत पेश गरिसकेको हुँदा नामसारी गरी दिन हुन पेश गरेको छ।

फाँटवालाको सहीः

नामः

मितिः

नामसारी सदर गर्नेः

प्रमाणित गरिदिने अधिकारीको  सहीः

नाम, थरः

मितिः

(नियम १४ को उपनियम १ सँग सम्बन्धित)

अनुसूची फाराम-७
गैडहवा गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा-३, विष्णुपुरा, रूपन्देही।

**सवारी लगत कट्टा रजिष्टर**

| क्र.सं. | सवारी धनीको नाम | सवारीको नम्बर | मोडेल नम्बर | चेसिस नम्बर | दस्तुर र मिति | लगत कट्टा मिति | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(नियम २ को उपनियम ७ सँग सम्बन्धित)
तीन पाङ्ग्रे सवारी दर्ताको प्रमाण पत्र ढाँचा

गैडहवा गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा-३, विष्णुपुरा, रूपन्देही।

नोटः यो प्रमाणपत्र हराई-कसैले भेट्टाएमा गैडहवा गाउँपालिकाको कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन।

सवारी दर्ता नं.ः

सवारीको किसिमः

दर्ता मितिः

सवारी धनीको नामः

वतनः

सिट क्षमताः

सवारीधनीको हस्ताक्षर पेश गर्नेको हस्ताक्षर

नामसारी भएको मितिः.............................................

(सवारी धनीको फोटो)

१.नाम,थरः....................

वतनः...................

विस्तृत विवरणः.................

सवारीधनीको हस्ताक्षर पेश गर्नेको हस्ताक्षर  नामसारी गर्ने अधिकृतको हस्ताक्षर

| सवारीको विस्तृत विवरण |
| --- |
| १.कम्पनीको नामः |
| २.सवारीको मोडेलः |
| ३.बनेको साल |
| ४.सिलिण्डर संख्याः |
| ५.हर्ष पावर सि.सि. |
| ६.च्यासिस नम्बरः |
| ७.ईन्जिन नम्बरः |

| |
|---|
| ८.सवारीको रंगः |
| ९.चालक सहित सिट संख्याः |
| १०.पेट्रोल, डिजलः |
| ११.रेडियो छ, छैनः |
| १२.खरिदभै एको मानिस वा कम्पनीः |
| १३.प्रयोगः१४ |
| चलाउने ईलाका |
| १५.भन्सारको नास्साः |

**प्रमाणपत्र नविकरण**

सवारी नं.:

| नविकरण गरेको मिति | म्याद पुग्ने मिति | नविकरण गर्नने अधिकारीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**सवारी जाँच्नेको**

**सवारी नं.**

| जाँचेको मिति | म्याद पुग्ने मिति | अधिकृतको हस्ताक्षर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

प्रमाणीकरण मितिः २०८३/०६/०६

आज्ञाले,

रोमनाथ न्यौपाने

प्रमुख प्रशासकीय

अधिकृत

---

गैडहवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुरा, रुपन्देहीमा मुद्रित ।